का.जि.प्र.का.द.नं. १००/०५९/६०

३० भदौ २०८०,
शनिबार
16 September 2023,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २३३ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# ‘अपानि’ले तरंगित एकीकृत समाजवादी

पार्टीको कार्यविभाजनसहित जारी भएको अन्तर पार्टी निर्देशन (अपानि)लाई लिएर नेताहरुले पार्टी नै छाडेको घोषणा गर्न थालेपछि अवस्था जटिल बनेको नेताहरु बताउँछन् ।






अपानिमा कसैको पनि सहमति छैन । पार्टीको कुनै कमिटीले गरेको निर्णय हुँदै होइन । सहमतिबिना अपानि जारी भएको छ । त्यसबारे छलफल गर्दैछौं ।

**- झलनाथ खनाल**
**सम्मानित नेता, एकीकृत समाजवादी**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २९ भदौ ।

अन्तर पार्टी निर्देशन (अपानि)लाई लिएर नेकपा एकीकृत समाजवादीमा असन्तुष्टि बढेको छ ।

यही भदौ ५ देखि ७ गतेसम्म बसेको छैटौं केन्द्रीय कमिटी र भदौ १७ र १८ गते बसेको ६५ र ६६ औं सचिवालयको बैठकको निर्णय कार्यावयनका लागि एकीकृत समाजवादीले बिहीबार अपानि जारी गरेको थियो । अपानिमार्फत गरिएको कार्य विभाजनप्रति पार्टीभित्र असन्तुष्टि देखिएको हो ।

केन्द्रीय कमिटीले कार्यादेश नै नदिएको र सचिवालय बैठकले गर्दै नगरेको निर्णय सर्कुलरका रूपमा पठाइएको भन्दै एकीकृत समाजवादीमा सम्मानित नेता झलनाथ खनालदेखिका नेताहरुले चर्को असन्तुष्टि जनाएका छन् ।

शुक्रबार राजधानीमा भएको एक कार्यक्रममा पत्रकारहरुसँग कुरा गर्दै नेता खनालले कार्यविभाजन गर्ने निर्णयमा कसैको पनि सहमति नभएको भन्दै बैठकमा छलफल गर्ने उनले बताए । ‘अपानिमा कसैको पनि सहमति छैन । पार्टीको कुनै कमिटीले गरेको निर्णय हुँदै होइन । सहमतिबिना अपानि जारी भएको छ । त्यसबारे छलफल गर्दैछौं ।’

अपानि जारी गरेपछि केही केन्द्रीय सदस्यले त्यस अनुसारको जिम्मेवारी अस्वीकार गरेका छन् । केन्द्रीय सदस्य राजु गुरूङले पार्टी परित्याग गरेको बताएका छन् । उनी लुम्बिनी प्रदेशका सचिव हुन् । गत निर्वाचनमा उनी रूपन्देही-२ बाट प्रतिनिधि सभा सदस्यको उम्मेदवार थिए ।

नेताहरूको जिम्मेवारी केन्द्रीय समितिबाट निर्णय गरौं भन्दा नेतृत्वले नमानेको, पार्टीले जारी गरेको सर्कुलरमा राजनीतिक, वैचारिक, सांगठनिक तथा समाजवादको यात्रा गर्ने कार्यक्रम नसमेटिएकोले पार्टी परित्याग गरेको गुरुङले जिकिर गरे ।

‘हामीले केन्द्रीय समिति बैठकमा मूलतः तीन विषय तत्काल सम्बोधन गर्न अध्यक्षज्यू समक्ष प्रस्ताव गरेका थियौं । पहिलो नेताहरूको जिम्मेवारी केन्द्रीय समितिबाट गर्न प्रस्ताव गरेका थियौं तर नेताहरूले केन्द्रीय समितिभन्दा सचिवालयबाट गर्दा राम्रो हुन्छ भन्नुभयो । त्यसमा हामीले सहमति जनायौं ।’ उनले भने, ‘तर, पार्टीको नाममात्र भन्न जान्नेलाई महत्वपूर्ण जिम्मेवारी दिइयो ।’

नेता गुरुङले राजीनामाको कारणबारे अगाडि भने, ‘पार्टीका वैचारिक, राजनीतिक कार्यदिशा स्पष्ट ढंगले लिएर जानुपर्छ भनेका थियौं । अध्यक्षज्यूले राजनीतिक प्रतिवेदनमा त्यस विषयमा सम्बोधन गर्नुभएन । तेस्रो हाम्रो प्रधान अन्तर्विरोध के हो ? गन्तव्य के हो ? समाजवादमा जाने यात्रा तय गर्ने हो भने त्यही खालको कार्यक्रम चाहिन्छ होला । बुर्जुवा पुँजीवादी कार्यक्रम लिएर समाजवादी यात्रा तय गर्न सक्दैनौं । यी विषय सर्कुलरमा आएन र मैले राजीनामा दिएँ ।’

पृष्ठ २ मा

प्रधानमन्त्रीको चीन भ्रमण

# प्राथमिकतामा नाका सूचारु र आर्थिक सहयोग



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २९ भदौ ।

मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको चीन भ्रमण स्वीकृत गरेको छ । शुक्रबार सिंहदरबारमा बसेको मन्त्रिपरिषद् बैठकले यसअघि नै तय भएको चीन भ्रमण स्वीकृत गरेको हो ।

भ्रमण तालिका अनुसार प्रधानमन्त्री प्रचण्ड संयुक्त राष्ट्रसंघको महासभामा भाग लिएर ५ असोजमा चीनको हाङजाओ प्रस्ताथ गर्ने तय भएको छ ।

चीन भ्रमणका क्रममा पहिलो दिन प्रचण्डले हाङजाओमा चिनियाँ राष्ट्रपति सी जिङपिङसँग भेट्ने कार्यक्रम रहेको र सोही दिन उनी १९ औं एसियन गेमको उदघाटन समारोहमा पनि सहभागी हुनेछन् । त्यसपछि उनको २५ सेप्टेम्बरमा राजधानी बेइजिङमा समकक्षी लि छ्याङसँग औपचारिक भेटघाट र द्विपक्षी वार्ता गर्ने कार्यतालिका रहेको छ ।

उक्त भेटघाटपछि कृषि तथा प्रविधिको क्षेत्रमा छोटो समयमा उच्च सफलता हासिल गरेको चीनको चोङकिङ महानगरपालिकामा रहेको छोङछीङ एकेडेमी अफ एग्रिकल्चरल साइन्सलगायत विज्ञान तथा प्रविधिको विकासका क्षेत्रको अवलोक गर्ने कार्यक्रम रहेको छ ।

संयुक्त राष्ट्रसंघमा गर्ने सम्बोधन र चीन भ्रमणको तालिकाबीच अत्यन्त छोटो समय रहेका कारण म न्यूयोर्कबाट छिमेकी राष्ट्र चीनको भ्रमणमा जानुपर्ने परिस्थिति बनेको हो ।

**- प्रचण्ड**
**प्रधानमन्त्री**

छोङछिङको भ्रमण पश्चात नेपालको सीमाना जोडिएको चीनको श्वासासित क्षेत्र तिब्बतको भ्रममा जाने र त्यहाँ उच्च पदस्थ अधिकारीसँग भेटवार्ता गर्ने नेपाल फर्किने कार्यक्रम रहेको छ ।

प्रधानमन्त्री प्रचण्ड संयुक्त राष्ट्रसंघको ७८ औं महासभालाई सम्बोधन गरेर ५ असोजमा न्यूयोर्कबाटै चीन जाने कार्यक्रम छ । आफ्नो भ्रमणबारे संसदलाई जानकारी दिँदै उनले भनेका छन्, ‘संयुक्त राष्ट्रसंघमा गर्ने सम्बोधन र चीन भ्रमणको तालिकाबीच अत्यन्त छोटो समय रहेका कारण म न्यूयोर्कबाट छिमेकी राष्ट्र चीनको भ्रमणमा जानुपर्ने परिस्थिति बनेको हो ।’

उनका अनुसार चिनियाँ राष्ट्रपति शीसँग हाङजाओमै भेटवार्ता हुनेछ । लगतै उनी १९ औं एसियन्स गेम्सको उद्घाटन समारोहमा पनि सहभागी हुनेछन् ।

२५ सेप्टेम्बरमा आफ्ना चिनियाँ समकक्षीसँग बेइजिङमा भेटवार्ता गर्ने तय भएको उनले सुनाए ।

चोङकिङ महानगरका साथै तिब्बतको भ्रमण गरेर फर्किने आफ्नो कार्यक्रम रहेको भन्दै प्रधानमन्त्री प्रचण्डले भने, ‘कोभिड महामारीपछि प्रधानमन्त्रीको हैसियतमा हुने पहिलो उच्चस्तरीय भ्रमणले नेपाल र चीनको द्विपक्षीय सम्बन्ध थप मजबुत बनाउनुका साथै नेपालको पूर्वाधार विकास, कृषि, उर्जा, पर्यटन, स्वास्थ्य शिक्षा लगायतका क्षेत्रमा छिमेकीको सहयोगबारे छलफल हुनेछ ।’

कोभिडका कारण नियमित हुन नसकेका व्यापार र सीमा नाकाहरु खोल्ने विषयमा समेत कुराकानी गर्ने

पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# वैदेशिक रोजगारका नाममा ठगी चुनौतीपूर्ण : प्रहरी

**काठमाडौं/रासस-** केही दिनअघि इन्स्टाग्राममा आकर्षक तलब सुविधामा वैदेशिक रोजगारीका लागि क्यानडा जान कामदार भिसा पाइने भनी नक्कली विज्ञापनमा फसेर एक पीडितले ३४ लाख रुपैयाँ गुमाए ।

गिरोहले त्यहाँ जानका लागि प्रक्रिया थाल्न ‘आइएलटिएस सर्टिफिकेट’ र बायोडाटा, राहदानी, शैक्षिक योग्यताका प्रमाणपत्र पठाइदिनु भनी पटक-पटक ह्वाट्सएपबाट माग गरे । पीडितले कागजात पठाए । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उरीक्षक रवीन्द्र रेग्मीले भने, ‘उक्त कागजात पेस गर्न रकम तिर्नुपर्छ भनी पीडितबाट नेपालमा रहेका विभिन्न व्यक्तिहरुका नाममा रहेको बैंक खातामा पैसा मागेको पनि भेटियो ।’

उनका अनुसार त्यस घटनामा कास्कीका लक्ष्मण नेपाली र सप्तरीका महावीरप्रसाद साह संलग्न भएको पाइयो । उनीहरु अहिले कानूनी कारबाहीको दायरामा छन् ।

दुई दिनअघि मात्रै क्यानडा जाने लोभमा पर्दा भूमिराज राईले ११ लाख रुपैयाँ गुमाए । आफू ठगिएको थाहा पाएपछि उनले दिएको उजुरीका आधारमा क्यानडा पठाइदिन्छु भनी झन्डै ११ लाख ठगी गर्ने व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी उपरीक्षक रेग्मीका अनुसार सेक्युरिटी गार्डमा काम लगाइदिने र त्यसबापत मासिक दुई लाख तलब हुने लोभ देखाएर ठगी गरिएको थियो ।

यस्तै आशामाया लामालाई वैदेशिक रोजगारीका लागि अष्ट्रेलिया पठाइदिन्छु भनी ठगी गरेकी काठमाडौंको सामाखुसी बस्ने ५० वर्षीय केशरी श्रेष्ठ पक्राउ परेकी छन् । यी घटनाहरु पछिल्ला एक साताका हुन् । यस्ता घटना दिन प्रतिदिन बढिरहेको प्रहरीको अभिलेखले देखाएको छ ।

सर्बिया, मलेसिया, क्यानडा, टर्की, अमेरिका, बेलायतलगायत देशमा पठाइदिने भनी यसरी रकम ठगी गर्ने गिरो सक्रिय भइरहेका छन् । वैदेशिक रोजगारीका नाममा सर्वसाधारण नागरिक ठगी हुने क्रम बढेको छ । प्रहरी प्रधान कार्यालयका अनुसार मानिसहरु छिटो पैसा कमाउने लोभमा फस्दा लाखौं रकम डुब्ने गरेको पाइएको हो ।

पृष्ठ २ मा

## श्रेष्ठले गरे उम्मेदवारी घोषणा




**ललितपुर/मस-** गैरआवासीय नेपाली संघ (एनआरएनए)को अध्यक्ष पदमा महेशकुमार श्रेष्ठले उम्मेदवारी घोषणा गरेका छन् । सिभिल इन्जिनियरिङमा डिप्लोमा गरेका श्रेष्ठले जापानको काएचु विश्वविद्यालयमा पीएचडी हासिल गर्ने क्रममा रहेको बताएका छन् ।जापान नेपाली कामदारहरुका लागि पनि रोजगारीको आकर्षक गन्तव्य मानिन्छ ।

शुक्रबार ललितपुरमा आयोजित एक कार्यक्रममा श्रेष्ठले समग्र गैरआवासीय नेपालीलाई एकताबद्ध गर्दै नेपालको समृद्धिका लागि साधन र स्रोत परिचालन गर्ने प्रतिबद्धता सार्वजनिक गरे ।बागलुङमा जन्मिएर पर्वतको कुश्मामा हुर्किएका श्रेष्ठ नेपाल र जापानमा परिचित व्यवसायी हुन् ।

पृष्ठ २ मा

# नेताहरुको मुद्दा फिर्ता नगर्न कांग्रेस र एमाले एकमत

*केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक २०८० मा हिंसात्मक क्रियाकलाप सञ्चालन गरिरहेको राजनीतिक दल वा समूह शान्तिपूर्ण राजनीतिको मूलधारमा आए हिंसात्मक गतिविधिमा माफी हुने र अदालतमा विचाराधीन मुद्दा पनि फिर्ता हुने उल्लेख छ ।*

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २९ भदौ ।



केही नेपाल ऐन संशोधन विधेयक दफावार छलफलका लागि संसदीय समितिमा पुगेको छ ।

शुक्रबार बसेको प्रतिनिधि सभाको बैठकमा कानुन न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले संसदीय समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए । जसलाई सभाले सर्वसम्मत रुपमा स्वीकार गरेको हो ।

सरकारले वैशाख २६ गते प्रतिनिधि सभामा दर्ता गरेको विधेयकमा सांसदहरुले ५५ वटा संशोधन प्रस्ताव दर्ता गरेका छन् । ती संशोधन प्रस्तावउपर समेत संसदीय विषयगत समितिमा छलफल हुनेछ ।

यो विधेयकमा रहेको शान्तिपूर्ण राजनीतिको मूलधारमा ल्याउन मुद्दा फिर्ता लिन सकिने प्रस्तावित व्यवस्थाप्रति सांसदहरुको ज्यादा चासो छ । यही विषयसँग सम्बन्धित २५ वटा संशोधन प्रस्ताव परेको छ ।

प्रमुख दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमाले मूलधारको शान्तिपूर्ण राजनीतिमा आएकै कारण नेता र कार्यकर्ताको हिंसात्मक गतिविधिसँग सम्बन्धित मुद्दा फिर्ता नगर्न एकमत देखिएका छन् । ‘केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक २०८०’मा हिंसात्मक क्रियाकलाप सञ्चालन गरिरहेको राजनीतिक दल वा समूह शान्तिपूर्ण राजनीतिको मूलधारमा आए हिंसात्मक गतिविधिमा माफी हुने र अदालतमा विचाराधीन मुद्दा पनि फिर्ता हुने उल्लेख छ ।

यस प्रस्तावित व्यवस्थालाई हटाउन एमाले र कांग्रेसका सांसदहरु एकमत देखिएका हुन् । सोही अनुसार सांसदहरुको संशोधन प्रस्ताव दर्ता भएको छ । कांग्रेस र एमालेसँगै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेपाल मजदुर किसान पार्टी (नेमकिपा)का सांसद र केही स्वतन्त्र सांसद पनि शान्तिपूर्ण राजनीतिमा आएकाहरुको मुद्दा फिर्ता लिन सकिने प्रस्तावित व्यवस्था खारेजीको पक्षमा देखिएका छन् ।

प्रस्तावित विधेयकमा ‘मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा दफा ११६ पछि दफा ११६ (क) थप्ने प्रस्ताव गरिएको छ ।

पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
३० भदौ २०८०, शनिबार
16 September 2023, Saturday

### मन्त्रिपरिषद् निर्णय

# कर सुधार समिति गठन, विभूषण कार्य स्थगन

काठमाडौं/मस- मन्त्रिपरिषद्को शुक्रबारको बैठकले कर प्रणालीको सुधारका लागि पूर्वमन्त्री विद्याधर मल्लिकको संयोजकत्वमा एक समिति गठन गर्ने निर्णय गरेको छ । चालु आर्थिक वर्षको बजेटमा सरकारले यस्तो समिति गठन गर्ने व्यवस्था राखेको थियो ।



मन्त्रिपरिषद्को शुक्रबारकै बैठकले विभूषण वितरण कार्य केही समयसम्मका लागि स्थगन गर्ने निर्णय गरेको छ। संविधान दिवसको अवसरमा राष्ट्रपतिबाट प्रदान गरिने विभूषण वितरण कार्यलाई मर्यादित एवं थप व्यवस्थित गर्ने तथा विभूषणको गरिमा बढाई राष्ट्रको सम्मानको रूपमा स्थापित गर्न अन्तर्राष्ट्रिय अभ्यास र विभूषणसम्बन्धी प्रचलित कानूनसमेतको अध्ययन गरी तीन महिनाभित्र प्रतिवेदन पेस गर्ने गरी कार्यदल गठन गर्ने निर्णय सरकारले गरेको छ ।

उक्त कार्यदलले पेस गरेका सुझावका आधारमा विभूषण वितरणसम्बन्धी मापदण्ड बनाउने र त्यस्तो मापदण्ड नबनुन्जेलसम्मका लागि हाललाई विभूषण वितरण कार्य स्थगन गर्ने निर्णय भएको हो । दशैं, तिहारलगायत चाडबाडका लागि चिनी आपूर्तिलाई सहज बनाउन भन्सार छुटमा चिनी आयात गर्ने निर्णय पनि सरकारले गरेको छ।

साल्ट ट्रेडिङ कर्पोरेशन र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडलाई ५० प्रतिशत भन्सार महसुल छुट समान १० हजार मेट्रिक टन चिनी आयात गर्न स्वीकृति दिने निर्णय सरकारले गरेको हो । सिञ्चाइ नीति, २०८० र नेपाल नागरिकता (तेस्रो संशोधन) नियमावली, २०८० स्वीकृत गर्ने पनि आजको मन्त्रिपरिषद बैठकले गरेको छ ।

त्यस्तै, विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसद्मा प्रस्तुत गर्न स्वीकृति दिने निर्णय सरकारले गरेको छ । शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज पीडित जनताको न्यायिक समस्या स्थायीरूपमा समाधानका लागि अधिकारसम्पन्न न्यायिक आयोग गठन गर्ने निर्णयसमेत शुक्रबारको बैठकबाट भएको छ। त्यस्तै, प्रधानमन्त्रीको आसन्न चीन भ्रमण स्वीकृत गर्ने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ ।

### ट्रकले किचेर एक जनाको मृत्यु

# स्थानीय र प्रहरीबीच झडप, तीन राउण्ड हवाइ फायर

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २९ भदौ




रौतहटमा ट्रकले किचेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा फतुवा विजयपुर नगरपालिका-१ घुसुकपुरका जयनारायण यादवका अन्दाजी ३० वर्षीय छोरा उमेश यादव रहेका छन् । शुक्रबार दिउँसो तीन बजेको समयमा फतुवा विजयपुर नगरपालिका-५ सन्तपुर दोस्तिया चोकमा ना ५ ख ३४५१ नम्बरको मालबाहक ट्रकले किच्दा ना ५१ प ४९४१ नम्बरको पल्सर मोटरसाइकलमा सवार यादवको घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय सन्तपुर दोस्तियाले जनाएको छ ।

प्रहरीका अनुसार मौलापुरबाट विजयपुरतर्फ जाँदै गरेको उक्त ट्रकले विपरीत दिशाबाट आउँदै गरेको यादव सवार मोटरसाइकललाई ठक्कर दिएको थियो । ट्रकको ठक्करबाट यादव गम्भीर घाइते भएका थिए । ट्रकको ठक्करबाट यादवको टाउको क्षतविक्षत भएको छ भने मोटरसाइकल पनि पूर्ण रुपमा क्षतिग्रस्त भएको छ ।

बाराको निजगढ नगरपालिका-६ घर भएका ट्रक चालक मुकुन्द पोखरेलले गाडी ब्याक गरेर किच्दा मोटरसाइकल चालक यादवको ज्यान गएको प्रत्यक्षदर्शीहरुले बताएका छन् ।

घाइते यादवलाई चालकले गाडी पछाडि गरेर किचेर मारेको भन्दै आक्रोशित स्थानीयबासीहरुले ट्रकका चालक पोखरेललाई समातेर कुटपिट गरेका छन् । कुटपिटबाट घाइते भएका चालक पोखरेललाई इलाका प्रहरी कार्यालय सन्तपुर दोस्तियाबाट गएको टोलीले सुरक्षा दिन खोज्दा आक्रोसित स्थानीय र प्रहरीबीच केहीबेर झडप समेत भएको थियो ।

जानीजानी मान्छे मार्ने चालकलाई प्रहरीले सुरक्षा दिएको भन्दै पीडितका आफन्त र स्थानीयहरुले इलाका प्रहरी कार्यालय सन्तपुर दोस्तियाको कार्यालयमाथी ढुंगामुढा गर्दै कार्यालयको झ्यालको सिसाहरु फुटाइदिएको थिए ।

झडपलाई नियन्त्रणमा लिन तीन राउण्ड हवाई फायर गर्नुपरेको इलाका प्रहरी कार्यालय बिजयपुर लक्षमिनियाका प्रहरी निरीक्षक (इन्स्पेक्टर) विजय कार्कीले बताए ।

घटनास्थल नजिकै रहेका इलाका प्रहरी कार्यालय सन्तपुरका प्रहरीले चालकलाई उद्धार गरी उपचारका लागि हस्पिटल पुऱ्याएका थिए । घाइते चालकको उपचार वीरगञ्जमा भइरहेको प्रहरीले जनाएको छ ।

स्थानीय र प्रहरीबीच भएको झडपमा केही प्रहरी घाइते भएका छन् । स्थानीयहरुले ट्रकमा तोडफोड गरी क्षति पुऱ्याएका छन् ।

उनीहरुले दोषीमाथि कारबाही र क्षतिपूर्तिको माग गर्दै केहीबेर प्रदर्शन गर्दै नाराबाजी समेत गरेका थिए । घटनाबारे आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# सुरक्षा ग्यारेन्टीको माग गर्दै स्वास्थ्यकर्मीले बुझाए ज्ञापन पत्र



**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, २९ भदौ

स्वास्थ्यकर्मीको सुरक्षा ग्यारेन्टीको माग गर्दै प्रदेशिक अस्पताल गौरका स्वास्थ्यकर्मीले जिल्ला प्रशासन कार्यालय रौतहटमा ज्ञापन पत्र बुझाएका छन्। विभिन्न बाहानामा स्वास्थ्यकर्मीहरुमाथि हुने हातपातका घटना रोक्नुपर्ने माग राख्दै प्रदेशिक अस्पतालका स्वास्थ्यकर्मीले शुक्रबार रौतहटका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रलाई ज्ञापन पत्र बुझाएका हुन् । यस्तै हेटौंडामा डाक्टरमाथि भएको कुटपिटको विरोधमा प्रदेशिक अस्पताल गौरका कर्मचारीले हातमा कालोपट्टी बाँधेर काम गरेका छन्। उनीहरुले स्वास्थ्यकर्मीको माग सरकारले तत्काल सम्बोधन नगरे आइतबारदेखि आकस्मिकबाहेकका सबै सेवा ठप्प पार्ने चेतावनी पनि दिएका छन् ।

हेटौंडामा मात्रै नभएर पछिल्लो समय स्वास्थ्यकर्मीमाथि हातपात गरेर क्षतिपूर्ति लिने संस्कारको विकास हुँदै गएकाले त्यस्ता कार्य तत्काल रोक्नुपर्ने डाक्टर गोपाल कुमार गुप्ताले बताए ।

# हुम्लामा ५९औं बालदिवस मनाइयो

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २९ भदौ

हुम्लामा ५९ औं बालदिवस मनाइएको छ । 'बालबालिकामा लगानी सुनिश्चित भविष्यको थालनी' भन्ने मूल नाराका साथ सदरमुकाम सिमकोट बजारमा र्‍यालीसँगै विभिन्न कार्यक्रम गरेर बालदिवस मनाएको हो । सिमकोट गाउँपालिकाको आयोजनामा हाजिर जवाफ प्रतियोगिता, वतृत्वकला प्रतियोगिता र नृत्य प्रतियोगिता गरेर गाउँपालिकाका वडाभित्र पर्ने विद्यालयका बालबालिकालाई समावेश गरी सदरमुकाम सिमकोटको बालमन्दिर माध्यमिक विद्यालयमा बाल दिवस मनाइएको हो। अघिका वर्षहरुमा बालबालिकाको विषयमा नारा निकालेर बजार र्‍याली गरेपनि यो वर्ष भने बालबालिकाको क्षमता विकासमा टेवा पुऱ्याउने हेतुले बाल दिवस मनाइएको गाउँपालिकाले जनाएको छ।

सिमकोट गाउँपालिका भित्रका सात वटा माध्यमिक विद्यालय र १५ वटा आधारभूत विद्यालयले कार्यक्रममा भाग लिएका थिए । कार्यक्रममा माध्यमिक तहलाई नृत्य र वक्तृत्वकला, आधारभूत तहलाई हाजिर जवाफ प्रतियोगितामा समावेश गरी बाल दिवस मनाइएको गाउँपालिकाले जनाएको छ ।

नृत्य प्रतियोगितामा सिमकोट गाउँपालिका भित्रका सात वटा माध्यमिक विद्यालयले भाग लिएका थिए । जसमा पहिलो सिमकोट वडा ६ मा रहेको मानसरोवर माध्यमिक विद्यालय भएको छ भने दोस्रो सिमकोट ५ मा रहेको बालमन्दिर माध्यमिक विद्यालय र तेस्रो सिमकोट ७ को कैलाश माध्यमिक विद्यालय रहेको छ । त्यस्तै माध्यमिक तहकै सात वटै विद्यालयका विद्यार्थीहरुले वतृत्वकला प्रतियोगितामा पनि भाग लिएका थिए । जसमा वक्तृत्वकला प्रतियोगितामा सिमकोट ७ कर्णाली माध्यमिक विद्यालय पहिलो, दोस्रो मानसरोवर र तेस्रो बालमन्दिर माध्यमिक विद्यालय भएको छ ।

कार्यक्रममा आधारभूत विद्यालयले हाजिर जवाफ प्रतियोगिता भाग लिएका थियो । जसमा १५ वटा आधारभूत विद्यालयले भाग लिएको हाजिर जवाफ प्रतियोगितामा सिमकोट ७ को सनसाईन बोडिङ पहिलो भएको छ भने दोस्रो सिमकोट ५ को भिनसेन आधारभूत र तेस्रो सिमकोट ८ सैपाल आधारभूत विद्यालय भएको छ ।

**'अपानि'का...**

राजीनामा घोषणापश्चात महासचिव र उपमहासचिवहरूले निर्णयमा पुनर्विचारका लागि फोन गरेको उनले बताए । पहिला पटक पटक आग्रह गर्दा नमानेको, अहिले राजीनामा दिइसकेपछि पुनर्विचार गर्छु भन्दैमा आफू पार्टीमा नफर्किने जवाफ दिएको उनले बताए ।

जिम्मेवारी हेरफेरको विषयलाई लिएर असन्तुष्टि जनाउँदै गण्डकी प्रदेशसभा सदस्य रहेका राजीव गुरुङ दीपक मनाडेले समेत पद लिन अस्वीकार गरेका छन् । शुक्रबार सामाजिक सञ्जालमार्फत आफूलाई दिइएको केन्द्रीय परिषद् सदस्यको पद अस्वीकार गरेको जानकारी दिएका हुन् । उनले आफूलाई दिइएको पद पार्टीभित्र क्षमतावान अन्यलाई दिन आग्रह गरेका छन् ।

अर्का केन्द्रीय सदस्य सावित्री मल्लले पनि पार्टी परित्याग गरेको बताएकी छन् । 'राजनीतिमा थकाइ भन्ने शब्द हुँदैन, तर आजका मितिदेखि नेकपा एकिकृत समाजवादी पार्टीको सक्रिय राजनीतिबाट विश्राम लिने निर्णय गरियो' उनले सामाजिक सञ्जालमा लेखेकी छन् । उनलाई पार्टी दैलेखको सहइन्चार्जको जिम्मेवारी दिएको थियो ।

**प्राथमिकतामा...**

आफ्नो भ्रमणबाट दुई देशको सम्बद्ध थप सुदृढ हुनुका साथै आपसी सहयोगका क्षेत्रहरु थप विस्तारित हुँदै जाने विश्वास लिएको प्रधानमन्त्री प्रचण्डले बताए । प्रधानमन्त्री प्रचण्डका अनुसार नेपालको पूर्वाधार विकास, कृषि, उर्जा, पर्यटन, स्वास्थ्य शिक्षा लगायतका क्षेत्रमा छिमेकीको सहयोगबारे छलफल गर्ने तय भएको भएतापनि मुलतः नेपाल-चीन आवत जावत गर्ने विभिन्न नाका सूचारु गर्ने र आर्थिक सहयोग प्राप्तीको विषय प्राथमिकतामा राखिएको छ ।

**नेताहरूका...**

जहाँ शान्तिपूर्ण राजनीतिको मूलधारमा ल्याउन मुद्दा फिर्ता लिन सकिने भनिएको छ ।

'दफा ११६ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै राजनीतिक दल वा समूहले मुलुकको राजनीतिक प्रणालीसँग असहमत रही हिंसात्मक क्रियाकलाप सञ्चालन गरिरहेकोमा त्यस्तो राजनीतिक दल वा समूह शान्तिपूर्ण राजनीतिको मूलधारमा आउन नेपालको संविधान र प्रचलित कानूनको अधीनमा रही शान्तिपूर्ण राजनीतिक क्रियाकलाप सञ्चालन गर्ने प्रतिबद्धता जनाई नेपाल सरकार र त्यस्तो राजनीतिक दल वा समूहबीच राजनीतिक प्रकृतिका सम्झौताको माध्यमबाट नेपाल सरकार वादी भई दायर भएका मुद्दा फिर्ता लिने गरी सहमति भएकोमा त्यस्तो सम्झौता बमोजिम त्यस्ता राजनीतिक दल वा समूहका नेता तथा कार्यकर्ताका विरुद्धमा नेपाल सरकार वादी भई चलाइएका जुनसुकै मुद्दा जुनसुकै तहको अदालतमा विचाराधीन रहेको भए पनि फिर्ता लिन बाधा पर्ने छैन' प्रस्तावित व्यवस्था छ ।

शान्तिपूर्ण राजनीतिमा आउने सहमति गरेका दल तथा समूहका कार्यकर्ताको जुनसुकै अदालतमा रहेको मुद्दा पनि फिर्ता लिन सक्ने प्रस्तावित व्यवस्थालाई लिएर यसअघि नै प्रतिनिधि सभाको बैठकमा सांसदहरुले विरोध गरेका थिए । सोही अनुसार विधेयकमा संशोधन प्रस्ताव दर्ता भएको हो ।

नेकपा एमालेका प्रमुख सचेतक पदम गिरी, सचेतक महेश बर्तौला, सांसदहरु रघुजी पन्त, ठाकुर गैरे, विद्या भट्टराई, नेपाली कांग्रेसका सांसद प्रदीप पौडेल, अर्जुननरसिंह केसी, मैना कार्की, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रमुख सचेतक सन्तोष परियार, सांसदहरु सोविता गौतम, सुमना श्रेष्ठ, शिशिर खनाल, नेमकिपाका प्रेम सुवाल, स्वतन्त्र सांसद अमरेश कुमार सिंह लगायतले केही नेपाल ऐन संशोधन गर्ने विधेयकको दफा ६४ हटाएर दफाक्रम मिलाउने प्रस्ताव गरेका हुन् ।

प्रस्तावित विधेयकउपर ५६ वटा संशोधन प्रस्ताव परेको छ। त्यसमध्ये दफा ६४ मा २७ जना सांसदले संशोधन प्रस्ताव दर्ता गरेका छन् । त्यसमध्ये सबैजसोले प्रस्तावित विधेयकको दफा ६४ नै हटाउनुपर्ने मत प्रकट गरेका हुन् ।

**वैदेशिक...**

प्रहरी प्रवक्ता, प्रहरी नायब महानिरीक्षक कुवेर कडायत पछिल्ला समयमा वैदेशिक रोजगारीका नाममा दैनिकजसो नै मानिसहरु ठगिएका घटनाहरु देखिएको बताउँछन् । उनले यो क्रम विगतका वर्षहरुभन्दा बढ्दो क्रममा रहेको देखिएको बताए। अनलाइन तथा वैदेशिक रोजगारीका नाममा हुने ठगी अत्यधिकरुपमा बढिरहँदा त्यतिकै सुरक्षा चुनौती पनि थपिएको प्रहरीको निष्कर्ष छ। यसतर्फ प्रथमतः नागरिक आफैं सचेत हुनुपर्नेमा जोड दिइएको छ ।

**श्रेष्ठले**

जापानस्थित सिटी एक्सप्रेस मनि ट्रान्सफर जापानको प्रमुख कार्यकारीसहित कम्पनीका सञ्चालक रहेका उनी कृषि व्यवसायी पनि हुन् । हाल एनआरएन आईसीसीको केन्द्रीय उपाध्यक्ष रहेका उनले अध्यक्षमा निर्वाचित भएमा संघले स्थापनाकालदेखि उठाउँदै आएका नेपाली कामदारसहित सबै एजेण्डा कार्यान्वयन गराउन विशेष पहल गर्ने प्रतिबद्धता जनाए ।

संघको आगामी महाधिवेशनमा अध्यक्षका लागि वर्तमान अध्यक्ष डा बद्री केसी र उपाध्यक्ष राजेन्द्र कुमार (आरके)शर्माले उम्मेदवारी दिने बताएका छन् ।

एनआरएनएको उपाध्यक्ष पदमा उम्मेदवारी घोषणा गरेका डा. केशव पौडेलले श्रेष्ठलाई समर्थन गरेको बताए। उम्मेदवारी घोषणा कार्यक्रममा उपाध्यक्ष नरेन्द्र भाट, युवा उपाध्यक्ष राज रेग्मी, सचिव प्रविन गुरुङ, सचिव गंगाधर गौतम, प्रवक्ता सोम सापकोटा, अमेरिकाका पूर्वअध्यक्ष बुद्धि सुवेदीले अध्यक्षमा श्रेष्ठलाई समर्थन गरेको घोषणाा गरे । श्रेष्ठले केही दिनभित्रै प्यानल सार्वजनिक गर्ने तयारीमा रहेको जानकारी दिए ।


**कतारमा रोजगारको अवसर ।** कम्पनी: NS BUZZ SERVICES शहर: Doha

पूर्व स्वीकृत मितिः २०७९/०६/२७ चलानी नं.: ६०१८९४२९ LT. No.: 274112 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaner | 0 | 4 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,६३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | supervisior | 0 | 1 | | 2500 | ९०,९०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज ६ गते (23 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचला सम्पर्क गर्नु होला ।

ZIA Gov. Lic. No. 633/063/064
**Zia International Services Pvt. Ltd.**
(Al Quraish International (P) Ltd.)
Gaushala-9, Kathmandu, Tel.: 01-4475555
Email: ziaintls@gmail.com | www.ziaintlservices.com


## Hariharpurgadhi Rural Municipality
## Office of the Municipal Executive
**Jhanjhane, sindhuli**
**Bagmati province, Nepal**

### Invitation for Bids

**First Date of publication: 2080/05/29**

1. **Hariharpurgadhi Rural Municipality** invites electronic bids from Nepalese eligible bidders for the following projects under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Hariharpurgadhi Rural municipality, Jhanjhane, Sindhuli (hariharpurgadhi@gmail.com, 9854042881)** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents can download for e-submission from PPMO's Website www.bolpatra.gov.np/egp. Submitting their bid electronically by eligible Bidders on the submission of copy (pdf format) of written application, along with copy of company/firm registration certificate, Tax clearance of fiscal year 2079/080, PAN/VAT registration certificate and should be deposit a non-re-fundable cost Rs. 3000/- (Three thousands only) of bidding document in the project's Rajaswa (revenue) account as specified below till the12:00 noon of **2080/06/29** and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : Citizens Bank International Limited**
   **Name of Office : Hariharpurgadhi rural Municipality**
   **Office Account no. : 0730100000001202**
   **Rajaswa (revenue) Shirshak. : Antarik Rajashwo khata**
4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before **12:00 noon** on 2080/06/29 Bids received after this deadline will be rejected.
5. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at **2:00 PM** on **2080/06/29** at the office of **Hariharpurgadhi Rural Municipality, Sindhuli**. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format for e-bid, which shall be valid for 30 days beyond the validity period of the bid. Information to deposit the bid Security amount in Bank:
   **Name of the bank : Citizens Bank International Limited, Hariharpurgadhi Branch**
   **Name of office : Hariharpurgadhi Rural Municipality, Sindhuli**
   **Dharauti khata no. : 0730100000023201**
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.
8. Bidders must submit the original copies (Hard Copy) of mandatory documents to Hariharpurgadhi Rural Municipality, Jhanjhane, Sindhuli before signing Contract. Non Submission of the hard copy by the bidders within specified time shall be considered as non-responsive and may cause forfeiture of bid security.

| Contract no./ID | Description of works | Total Estimated Amount (With VAT) NRS. | Bid Security Amount (NRS) | Bid Document Fee (NRS) | Remarks |
|---|---|---|---|---|---|
| 01/2080/81 | Bhiman Kauwa Ragechuri Dhimile Road | 96,99,912.7 | 2,42,500/- | 3,000/- | |
| 02/2080/81 | Hariharpurgadhi Gaupalika Bhitraka Pra.bhi. Bidhyalya Bhabanharu Nirman | 97,00,000.00 | 2,42,500/- | 3,000/- | |
| 03/2080/81 | Tapkedada Hayutar Limbutar Kushdamar Dhanmanadada Milanchok Road | 96,85,097.05 | 2,42,500/- | 3,000/- | |

**Chief Administrative Officer**

राष्ट्रिय बालदिवस

# कोही ज्यालीमा, कोही गिट्टी कुट्दै

**पुर्ण कुमार/मध्यान्ह**
डोल्पा, २९ भदौ



शुक्रबार देशैभर 'बालबालिकामा लगानी, सुनिश्चित भविष्यको थालनी' भन्ने नाराका साथ ५९औं राष्ट्रिय बाल दिवस मनाइएको छ। बाल दिवस मनाउन बालबालिकाहरु प्लेकार्डसहित ज्यालीमा निस्किएका थिए । तर गरिब, विपन्न वर्गका बालबालिका भने बिहानैदेखि दैनिक गर्जो टार्न काममा निस्किएका थिए ।

डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका-१ सार्की टोलका बालबालिकाको दैनिकी ढुंगा, गिट्टीसँगै बित्ने गरेको छ । गिट्टी कुटेरै उनीहरूको दैनिकीसँगै गुजारा पनि चलिरहेको छ । विद्यालय जानुपर्ने बालबालिका आर्थिक अभावका कारण सधैं गिट्टी कुट्दै दिन बिताउने गर्छन्। उनीहरुलाई घरमा बिहान-बेलुका छाक टार्न पनि समस्या छ। उनीहरुसँग विद्यालय जानका लागि कापी र कलम किन्ने पैसासमेत अभाव हुन्छ। जसकारण विद्यालय जानुपर्ने उनीहरू गिट्टी कुटेरै घरको आर्थिक अभाव पूरा गर्न अभिभावकलाई सघाउने गर्छन्।

बुबा आमाको आयस्रोत नभएपछि यहाँका विपन्न, गरिब, दलित परिवारका बालबालिकाको अध्ययन प्रभावित भएको छ । 'पैसा नहुँदा पढ्न पनि सकिँदैन । काम पाइहाले पनि थोरै मात्रा पैसा आउँछ, खान पनि पुग्दैन । त्यसैले गिट्टी कुट्न आएको हुँ,' त्रिपुरासुन्दरी १ त्रिपुराकोट १२ वर्षीय बालिका कोपिला सार्कीले बताइन्। लगातार गिटी कुट्दा महिनामा दुई हजार रुपैयाँसम्म आम्दानी हुने उनले बताइन् । त्रिपुराकोटका यी बालबालिका उदाहारण मात्र हुन्। यहाँका अधिकांश विपन्न, गरिब र दलित परिवारका बालबालिकाको अवस्था यस्तै छ । उनीहरुले पढाइ खर्चसँगै विद्यालय निर्माणमा आवश्यक पर्ने गिट्टी कुटिरहेको शिक्षक मनबहादुर सार्कीले बताए। गिट्टी कुटेबापत उनीहरूले प्रति बोरा १०० रुपैयाँ पाउँछन्।


दोधारा चादनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दोधाराचाँदनी, कञ्चनपुर
सुदुरपस्चिम प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**


(प्रकाशित मिति : २०८०।०५।३०)

यस कार्यालयबाट मिति २०८०।०४।२८ गते राष्ट्रिय स्तर को दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरुको मुल्याङ्कन गर्दा तपसिल बमोजिमका बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई मल्याङ्कन समिति बाट स्वीकृतको लागि सिफारिस भै आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.न | ठेक्का नं. | कामको बिवरण | छनौट भएको बोलपत्रदाता | कबोल अंक (मु.अ.क बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०२/२०८०/०८१ | धामी टोल तटवन्द निर्माण योजना, वडा नं ०६ | श्री किशोर निर्माण सेवा, दो.चा.न.पा ०१ कंचनपुर | १५,९६,२४६।५८ | |

गणेश दत्त मिश्र
प्रमुख प्रशासकिय अधिकृत


## भगवानपुरमा गाई भैंसीलाई लम्पी स्किनविरुद्धको खोप



**घुरन यादव/मध्यान्ह**
सप्तरी, २९ भदौ

सिरहाको भगवानपुर गाउँपालिकामा गाई भैंसीलाई लम्पी स्किनविरुद्धको खोप लगाइएको छ। गाउँपालिकाका वडा नम्बर १ देखि ५ सम्मका गाई भैंसीलाई खोप लगाइएको हो ।

भगवानपुर गाउँपालिकाको पशु शाखा प्रमुख डा. रामसुन्दर दासको नेतृत्वमा खोप लगाइएको हो । भगवानपुरमा लम्पी स्किन रोग लाग्ने गाई भैंसीको संख्या १ हजार ३ सय ७५ रहेको शाखाले जनाएको छ ।

## गणेश पूजामा २७० किलोको लड्डु

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, २९ भदौ



लड्डु २७० किलो

एक किलो, दुई किलो अथवा त्यो भन्दा धेरै तौलको लड्डु भगवानलाई चढाउने कुरा नौलो होइन । तर यसपालि सर्लाहीमा २७० किलोको लड्डु गणेशलाई चढाइने भएको छ । जिल्लाको बरहथवा नगरपालिका-५ स्थित गोरु बजारमा प्रत्येक वर्ष गणेश चर्तुर्थीको अवसरमा मेला आयोजना गरिन्छ । यहाँ हरेक वर्ष एउटै तर ठूलो लड्डु बनाएर चढाउने गरिन्छ । गत वर्षभन्दा ३ किलो बढी तौलको लड्डु चढाइने योजना रहेको आयोजक गणेश पूजा मेला महोत्सव समितिका अध्यक्ष अमरनाथ साहले जानकारी दिए।

बरहथवामा विगत पाँच वर्षदेखि गणेश मेला महोत्सवको आयोजना हुँदै आएको छ। प्रत्येक वर्ष एउटा ठूलो लड्डु बनाउने गरिन्छ । गत वर्ष २६७ किलोको एउटै लड्डु बनाइएको थियो । मेला समितिका अध्यक्ष साहले प्रत्येक वर्ष लड्डुको आकार बढाउँदै लगिएको जानकारी दिए । साथै मेलामा मनोरञ्जनका लागि असोज २ गतेदेखि ५ गतेसम्म विभिन्न कार्यक्रमको पनि आयोजना गरिएको आयोजकले बताएको बताएको छ ।


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०५/३०**

**प्यारादाइज स्पा प्रा.लि.** को मिति २०७०/०५/०४ गते सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **प्याराडाइज वेलनेस स्पा प्रा.लि. (प्रा.लि. नं.: २०९५७२)** कायम गर्ने गरी मिति २०८०/०५/०६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



भोक्राहा नरसिंह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिरौली, सुनसरी
कोशी प्रदेश, नेपाल

**लम्पी स्किन सम्बन्धी जनहितमा जारी सन्देश**

- यो एक प्रकारको भाइरस (पक्स समूहको काप्रीपक्स भाइरस)बाट गाईभैंसीमा लाग्ने रोग हो । यो रोग भैंसीहरुमा भन्दा गाईहरुमा बढी देखिन्छ ।
- पहिला अफ्रिकामा सीमित यो रोग सन् २०१२ पछि मध्य पूर्व, दक्षिण युरोप, रसिया, काजकिस्तान हुँदै बंगलादेश र भारतमा पनि केही महिना अगाडि देखा परेको थियो ।
- अहिले नेपालको मोरङ, झापालगायतका पूर्वी क्षेत्रमा यो रोगको लक्षण देखिइ सयौं गाईहरु बिरामी परेको र केही मरेको जानकारी आइरहेको हुँदा सतर्कता अपनाऔं ।

**मुख्य लक्षणहरू:**

- कचेरा निकाल्ने, सिंगान बग्ने तथा फिंज धेरै निकाल्ने
- शरीरका विभिन्न भागहरुमा विशेष गरी घाँटी, पछाडिको खुट्टाहरुमा, पेट र थुन वरिपरि सानादेखि ठूला गिर्खाहरु देखिने
- उच्च (१०४ फरेनहाइट वा माथि) ज्वरो आउने
- दुध उत्पादन २५-८०% सम्म घट्न सक्ने
- गर्भ तुहिने तथा बाँझोपना देखिन सक्ने
- मृत्युदर कम भए पनि धेरै पशुहरु (५-४५%) बिरामी हुन सक्ने



**रोग सर्ने मुख्य कारणहरू**

- लामखुट्टे, झिंगा, किर्ना आदिको टोकाईबाट
- संक्रमित गाईभैंसीको ओसार पसार र लसपसबाट
- संक्रमित गाईभैंसी र स्वस्थ गाईभैंसीलाई उपचारको क्रममा एउटै सुई प्रयोग गरेमा

**उपचार तथा रोकथाम**

- ठोस उपचार छैन ।
- प्राविधिकको सल्लाहमा लक्षण अनुसारको उपचार ।
- खोप (नेपालमा हालसम्म उपलब्ध छैन ।)
- संकमित क्षेत्रबाट गाईभैंसीको ओसारपसार नियन्त्रण ।
- लामखुट्टे, भिंगा, किर्ना आदिको नियन्त्रण र गोठ वरिपरिको वातावरण सफा राख्ने ।



काठमाडौं उपत्यका खानेपानी लिमिटेड
आयोजना कार्यान्वयन निर्देशनालय
अनामनगर, काठमाडौं

**अपिल/सूचना**

यस आयोजना कार्यान्वयन निर्देशनालय अन्तर्गत पहिलो चरणमा संचालित काठमाडौं उपत्यका खानेपानी सुधार आयोजना अन्तर्गत निर्माण गरिएका DNI / BDS पाईपलाईनहरुमा मेलम्चीको पानी पथान्तरण पश्चात पाइपलाईनको Commissioning & Testing को कार्य भैरहेको व्यहोरा सर्बसाधारणको जानकारीको लागी अनुरोध छ। Testing को समयमा पाइपलाइनमा भएको क्षति तथा अन्य कारणहरुबाट पानी लिकेज भई सडकमा पानी बग्ने हुन सक्छन । कुनै पनि स्थानमा सडकमा देखिएको लिकेज सम्बन्धी सूचना आयोजना कार्यान्वयन निर्देशनालयमा यथासिघ्र पठाई सहयोग गरिदिनुहुन हार्दिक अनुरोध छ ।

**सुचना पठाउने ठेगाना:**

काठमाडौं उपत्यका खानेपानी लिमिटेड
आयोजना कार्यान्वयन निर्देशनालय
अनामनगर, काठमाडौं ।

**टोल फ्री नं.:** ११३९, फोन नं. ०१५७०५७७१/५७०५९१६
**फ्याक्स नं.:** ०१५७०५०५७
**ईमेल:** pidkukl@gmail.com



**Cyprus मा रोजगारको अवसर |**
कम्पनी : DELTA YIANNAKIS SERVICES LTD
शहर: Cyprus

पूर्व स्वीकृत मितिः २०८०/०५/२९ चलानी नं.: ६०२०७७९६ LT. No.:292617

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | EURO | ने. रू. | | | | | | | |
| 1. | Domestic Workers | 0 | 20 | स. काममा दक्ष | 314 | ४४,६८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज ६ गते (23 September 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. २०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Eurosia Human Resourse Pvt. Ltd.**
Govt. Lic. No. 1191/073/074
Samakhusi- 3, Gongabu, Kathmandu, Nepal, Tel: 014380243
Mob: 9851064740 | 9840170384
E-mail : eurosiahumanresource@gmail.com, ehr1191@gmail.com Web : www.eurosiahr.com.np



GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!



TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon
Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

कथा

# दबेको कुण्ठा



■ शुक्रराज कुँवर

"उ मेरो नाताले सोल्टी पर्छ र बाल्यकालदेखिकै साथी पनि हो है मलाई खाली उसैको नाम लिएर घरीघरी घोचि नराख्नुस्, मलाई मन पर्दैन र चित्त पनि दुख्छ।" आफ्नो घरदेखि हजारौं कोष टाढा खाडी मुलुकमा पसिना चुहाई रहेको सुरजको कानमा आफ्नी श्रीमतीले भनेका यिनै कुरा ठोक्किन आई पुगे । "कति सजिलै भन्छे, मेरो बाल्यकालको साथी हो नाताले सोल्टी पर्छ भनेर" बुढीलाई सम्झिदै मनमनै फुसफुसायो उ। माया त मलाई गर्छे निकै ख्याल पनि राख्छे तर, अलि बढी त्योसँगको हिमचिम चाहिँ मन पर्दैन। सिधै भन्छे त्यसको पनि माया लाग्छ भनेर । जाबो घरमा पालेको एउटा कुकुरको त माया हुन्छ त्यो त मान्छे पो हो त माया हुँदैन ? भनेर भन्छे। यस्तै यस्तै भए नभएका नानाभांती कुराहरु उस्को मनमा खेलिरहे ।



खासमा राज भन्ने राजबहादुर उसको बुढीको बाल्यकालदेखिकै साथी हो भन्ने कुरा उसलाई पहिलेदेखि नै थाहा थियो । उसँग चिनजान नभएको पनि होइन, एक/दुई पटक राज उसको घरमा आएर बसेर, सँगै खाना नखाएको पनि होइन । राज उसलाई राम्रै लाग्थ्यो तर, राजसँग उसको बुढीको हेलमेल ख्यालठट्टा कहिलेकाहीँ फोनमा उनीहरु बिच हुने लामो कुराकानी उसलाई निको लाग्दैन। कति चोटी त राजको विषयलाई लिएर उनीहरुबिच ठाकठुक नभएको पनि होइन । "राज सँग तँ धेरै नजिक छेस्, राजलाई तँ मन पराउछस्, के चल्दैछ तिमीहरुबिच, राम्रो हुँदैन है" भनेर उसले पटक पटक बुढीलाई भन्ने गर्थ्यो । "ए बाबा कति शंकोची भको हो यो मान्छे! राज र म सानोदेखिकै मिल्ने साथी हो, राजसँग त्यस्तो केही छैन, साथी मात्र हो । त्यस्तो केही भए त राजसँगै बिहे गर्थे होलानी म", उसको बुढीले स्पष्टीकरण दिने गर्थी ।

उ अर्थात् सुरज गाउँमा अलि हुने खाने वर्गकै छोरो थियो । उसको बुवाले उसलाई गाउँको राम्रो स्कूलमा पढाएको पनि हो तर, उसले पढ्न सकेन । धेरै लाडप्यारमा हुर्केर नै होला अलि साथी सँगती राम्रो थिएन र जिद्धी स्वभावको पनि थियो । उमेर पुगेपछि उसको बुवाले नै सुशील राम्री स्वभावकी केटी खोजेर उसको विवाह गराइदिएका थिए । विवाह भको पनि सात वर्ष बितिसकेको थियो र उसको एउटा चार वर्षको छोरा पनि थियो । "तँ आफै त पढ्न सकिनस्, अब नातीलाई शहरमा राम्रो स्कूलमा पढाउनुपर्छ" भनेर उसको बुवाले नै उसलाई शहरमा कोठा भाडा व्यवस्था गरी राखिदिएका थिए। शहरमा बस्दा उसको सबै खर्च बुवाबाट नै आउने गर्थ्यो । यसरी आफ्नोलगायत आफ्नो जहान बच्चाको सम्पूर्ण खर्चको लागि समेत बुवामाथि निर्भर रहनु पर्दा पछि-पछि उसलाई अलि अप्ठ्यारो लाग्न थालेको थियो। यस विषयमा उसको बुढीले पनि बेला-बेला कुरा उप्काउने गर्थी । उसको स्वाभीमानी मनले पनि यो कुरालाई मनन गरेको थियो । यसैले उ आज खाडी मुलुकमा पसिना बगाइरहेको थियो ।

विदेशको बसाई उसको लागि उ आफैले रोजेको बाटो थियो । उसको बुढी र उसको बुवाले उसलाई व्यापार व्यवसाय गरेर बस्नु, विदेश नजानु भनेर रोक्न खोजेका त हुन तर, उसको जिद्धीको अगाडि उनीहरुको केही लागेन। विदेशमा एउटै कोठामा दुई/चार साथीहरुसँग कोठा शेयरिङ्ग गरेर बस्ने गर्थ्यो उ । छुट्टी भएपछि कोठामा साथीहरु भेला हुने अनि आफ्ना गर्लफ्रेण्ड, बुढी, अरु केटी साथीहरुसँग उत्ताउला गफ गर्नु, छिल्लिनु ईत्यादी एउटा सामान्य प्रक्रिया जस्तै थियो । उ पनि बेलाबखत बुढीसँग रमाईला गफ गर्थ्यो । कहिलेकाहीँ बुढीलाई फोन गर्दा बुढीको फोन निकै लामो समयसम्म व्यस्त रहन्थ्यो र उसको मनमा चस्स चिसो पस्थ्यो । यत्ति भए उसको मनको अन्तर कुन्तर हाल्लिन काफि हुन्थ्यो र मनको कुण्ठा बुढीलाई ओकली हाल्थ्यो । पछि फोन लाग्दा "व्यस्त थियो त अघि, कोसँग गफिदै थिइस् ?" भनेर शंका व्यक्त गर्थ्यो । "हैन क्या गाउँबाट राजको फोन आएको थियो, अनि उसैसँग बोलेको" बुढीले सहज उत्तर दिन्थी र भन्थी "कति सहयोगी छ राज ।"

"अनि त्यति लामो एक/डेढ घण्टासम्म हुन्छ त गफ ? के कुराकानी गर्छस् ओई ? मसँग बोल्दा त फोन राख्न हतार परिहाल्छ तँलाई !" बुढीलाई टोकस्न शुरु गरिहाल्थ्यो उ । "हेर है मलाई त्यो राजसाज मन पर्दैन, पर्दैन भने पछि दिनरात त्यहीसँग फोनमा लठारिएर बस्छस् ?" एकै सासमा भनिपठाउथ्यो उ । विचरा उसको बुढी मनमा कुनै पाप अधर्म थिएन, बुढालाई कुनै कुरा ढाँट्न छल्न आउँदैन थियो। भन्ने गर्थी "के भन्न खोजेको हजुर, अनि मान्छे सँग बोल्न हाँस्न हुँदैन त ? फेरि बोल्दैमा, हाँस्दैमा उसैको भैहाल्छ ? यसरी त कसरी व्यवहार चल्छ । हेर्नुस् सबै .भन्दा ठूलो कुरा विश्वास हो। सम्बन्धहरु विश्वासमै अडिएका हुन्छन्। रुखो बोलेर, कसैको दिल भाँचेर विश्वासको जग हल्लाउने काम नगर्नुहोला । विश्वासको जग हल्लियो भने आफ्नाहरु पनि बिरानो बन्न कत्ति बेर लाग्दैन। जहिले गिदी खाने कुरा झिकेर अनावश्यक विवाद गर्नुहुन्छ, मनमा कुण्ठा बोकेर पनि हुन्छ ?"

> "तपाईं घर आउनुहोस् प्लीज !" बुढीको स्नेहमयी आवाज । "मलाई माफ गर बुढी ! मलाई माफ गर !" सास अड्काई अड्काई बस यति बोल्न सक्यो । केही गर्न सक्ने अवस्थामा थिएन, मनभरी कुण्ठा पालेर बसेको उ आत्मग्लानी र पश्चातापको भुँग्रोमा जलेर उसको कुण्ठा खरानी भइसकेको थियो ।

बुढीको कुराले उसलाई कतिको असर गर्छ, भगवान जानोस् तर उ पनि बुढीलाई माया त गर्थ्यो । बुढीको हरेक आवश्यकता पूरा गर्थ्यो । सन्चो बिसन्चो ख्याल गर्थ्यो, आफ्नो छोरा, बुवा आमा, घर परिवार सबैको ख्याल गर्थ्यो, यहाँसम्मकी बुढीको माइतीतिरका नातागोता सासू ससुरा सबैको पनि ख्याल राख्थ्यो । सबै राम्रो थियो तर, यत्ति हो कि आफ्नो बुढी कुनै पुरुषसँग बोलेको, हाँसेको मन पर्दैन थियो । झन राजसँग बोलेको हाँसेको त फिटिक्कै मन पर्दैन थियो ।

मरुभूमीको तातो उष्ण हावापानी, बाहिरको तापक्रम ४५/४६ डिग्री सेल्सियस भएता पनि उ बस्ने कोठा वाताणुकुलित थियो । तर उभित्रको कुण्ठाले वाताणुकुलित कोठालाई पनि तताएर उसको मथिंगल गरम बनाई दिन्थ्यो । बुढीसँग उसलाई किन रीस उठ्छ अक्सर मोबाइल स्विचअफ गरेर बस्थ्यो । उसलाई थाहा थियो घर फोन नगरेको पनि धेरै लामो समय भएको थयो । एक/डेढ हप्ता अगाडि घर फोन गर्दा बुढीसँग कुरै हुन पाएन । अरु केही कुरै नगरी एक्कासी उस्ले "तेरो राजको खबर के छ त ?" भनेर सोधेको थियो । "ए राज त दुई/चार दिनदेखि यतै छ त" भनेर अरु केही जरुरी कुरा भन्न हतास पूर्वक बुढी बोल्न खोज्दै थिइ तर, अरु कुरा बोल्नै नपाई "तँलाई खुँडी !" भन्दै रिसले फोन काटेर फेरि स्विचअफ गरेर बसेको थियो उ र अनाप सनाप बकेको पनि थियो ।

"ए राज त दुई/चार दिनदेखि एतै छ त" बस ! बुढीको यहि कुराले नै उस्को मनमा भूँइचालो गइरहेको थियो । "लु ! अब त सक्किगो नि, दुई चार दिनदेखि राज घरमै छ" उसको मनमा भुसको आगो सल्किन थाल्यो, पापी मन उर्लेर आयो र उभित्रको कुण्ठा ज्वाला बनी दन्किन थाल्यो। बिगत सम्झदै भए/नभएका कुराहरु गुडुल्कि बन्दै आउन थाले। भो अब त घर गए भने त्यही राजसँग जा भन्दिन्छु सिधै । यिनै यस्तै यस्तै कुराहरु मन मथिङ्गलमा खेलेर उ एक किसिमले 'साईको' जस्तै भएको थियो। सायद मनोचिकित्सकको जरुरत थियो कि ?

मनमा बुढीप्रति कुण्ठा पालेर बसेको उ, यो कुण्ठा हो हैट मैले यस्तो सोच गर्नु हुन्न भन्ने चेत पनि थियो उसलाई। विचरा बुढी भनेर हलुक्क माया जागेर पनि आउन्थ्यो घरिघरि । सायद गल्तीको एहसास हुन्थ्यो उसलाई। यही परिवेशमा एकदिन उसले मोबाइलको स्विच अन गर्‍या र बुढीलाई फोन लगायो । निकै बेरसम्म रिङ्ग गइरह्यो तर, फोन उठेन । पटक-पटक गर्‍यो तर, उठेन । उसको मनमा फेरि चिसो पस्यो । रीसले फेरि स्विचअफ गर्‍यो र पुन: केही बेर पछि स्विचअन गर्‍यो र कल लगायो । धेरै बेरको रिङ्गपछि बल्ल फोन उठ्यो "हेलो !"

बुढीको मोवाइलमा पुरुष आवाज सुनेपछि खंग्रङ भयो एकछिन । मुटुको गति बढे जस्तै पनि भयो तर सम्हालिँदै केही रुखो स्वरमा भन्यो

"अँ को हो, को बोलेको ?"

"म तेरो बुवा बोलेको चिनिनस् ? बुहारी अहिले सागसब्जी किन्न बाहिर गाकी छिन, यहाँ मोबाइलमा तेरो फोटो देखे र उठाको । के छ तेरो खबर ठीक त छस् ? मोबाइल पनि स्विचअफ राख्छस् ।"

"ए ! ए ! बुवा ? कहिले आउनु भयो बुवा ? ढोग गरे ।"

"ल भाग्यमानी भएस ।"

"अनि बुवा किन आउनु भयो ?"

"म आएको त्यस्तै दुई हप्ता भयो होला । एपेन्डिक्स फुटेर झन्दै मरेको। त्यो राज बाबु नभएको भए त सायद अहिले 'बाउ' भन्न पनि पाउने थिइनस् होला। अपरेशन नै गर्नु पर्‍यो। लकडाउनको बेला अस्पताल जान पनि धेरै गाह्रो थियो, त्यो बावुले धेरै तिर सम्पर्क गरेर बेलैमा एम्बुलेन्स बोलाएर मलाई अस्पतालसम्म ल्याइपुर्‍याए। साह्रै सहयोगी मनकारी रहेछन् ति बावु । तीन दिन, तीन रात त अस्पतालमै बसेर छोराले झैं स्याहार गरे, एकछिन छोडेनन् राज बावुले । बाहिर होटल सबै बन्द थिए, बिस्कुट चिउराको भरमा अस्पतालमै गुजारे राजले। डिस्चार्ज भएपछि गाउँ फर्किने कुनै साधन थिएन, बिचरा म हिँडेरै घर पुग्छु बुवा भनेर गए बरा। कति मुश्किल भयो होला। चार दिन जति अस्पताल बसेर डिस्चार्ज भयो, अब दुई हप्तापछि टाँका काट्न बोलाएको छ। तँ अब छिटो घर आइज, भो पर्दैन परदेशमा पसिना बगाउन ।"


बुवाको कुरा सुन्दै गर्दा उ मैन बत्ती पग्ले झैं पग्लिदै थियो तप्प तप्प, अब प्रकाश निभ्न मात्र बाँकी थियो । आफू उभेको जमिन पनि भाँसिदै गए जस्तो भान भइरहेको थियो सायद उसलाई । आफ्नो धरातल थाहा भयो होला कति निच सोचाई रहेछ उसको राज र आफ्नै बुढीप्रति । अब कुन मुख लिएर बुढीको अगाडी देखा पर्ने ? आफैप्रति लाज र ग्लानी भएर भक्कानिन खोज्दै थियो त्यहीबेला उसको मोवाइलको रिङ्ग बज्यो। बुढीको रहेछ 'रिसिभ' गर्‍यो दबेको स्वरमा बोल्यो "हेलो ।"

"तपाईं घर आउनुहोस् प्लिज !" बुढीको स्नेहमयी आवाज ।

"मलाई माफ गर बुढी ! मलाई माफ गर !" सास अड्काई अड्काई बस यत्ति बोल्न सक्यो । केही गर्न सक्ने अवस्थामा थिएन, मनभरी कुण्ठा पालेर बसेको उ आत्मग्लानी र पश्चातापको भुँग्रोमा जलेर उसको कुण्ठा खरानी भै सकेको थियो ।

# अमूर्त प्रेमस्पर्श

कथा



■ बाबुराम न्यौपाने 'उत्स'

कलेजको दैनिकी पूरा गरेर साँझ घर आउनासाथ सधैं भान्साकोठामा पसेर आफ्नै हातले चिया बनाएर पिउने समाजशास्त्र विभागकी प्रमुख प्रो.डा. जानुकालाई त्यसदिन फिटिक्कै चिया बनाउने जाँगर चलेन । बिहानैदेखि मनभित्र एक किसिमको उराठीलो हुरी चलिरहेको थियो । उनी आफ्नो सयनकक्षमा गइन् । पलङ्गमा बिछ्याइएको रातो गुलाफको फूलबुट्टे सुकिलो तन्नामाथि अर्धनग्न अवस्थामा डङरङ्ग ढलिन् ।

उनलाई घरको काममा सघाउने रमिलाको पनि एक महिना अगाडी विवाह भएकाले त्यस समयदेखि घरको माथिल्लो तेस्रो तल्लामा एक्लै बस्थिन् । तल भाडामा बस्नेहरु पनि आ-आफ्नै दैनिकीमा व्यस्त थिए। सम्पन्न, सुशील, शिक्षित भएर पनि केही दिनदेखि अनौठो निराशा र छट्पटीले जानुकालाई नराम्ररी तर्साउन थालेको थियो। जब उनी कलेजको हाताभित्र प्रवेश गर्थिन्, उनको सुन्दरता र सौम्यतामा रमाउँदै वरीपरीको वातावरण गमक्क भएर फुल्थ्यो ।

